# इनरुवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### इनरुवा, सुनसरी

**विषयः ठेक्काको शिलबन्दी बोलपत्रको ३० दिने सुचना ।**

**(पहिलो पटक प्रकाशित मिति : २०७६।२।१९)**

इनरुवा नगरपालिकामा निम्नानुसार श्रोतबाट प्राप्त हुने आन्तरिक आय संकलन गर्ने कार्य आ.व. २०७६।२०७७ को लागी ठेक्का बन्दोबस्त गर्न आवश्यक भएकोले तपशिल बमोजिमको शर्तको अधिनमा रही ईच्छुक व्यक्ति, फर्म, संस्थाहरुबाट तोकिएको समय भित्र आफले लिन चाहेको छुटा छुटै शिलबन्दी बोलपत्र यस इनरुवा नगरपालिकाको कार्यालयमा तोकिएको मितिमा दाखिला गर्न यो बोलपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ ।

**ठेक्काको विवरण :**

| क्र.स. | ठेक्काको नाम | न्युनतम ठेक्का अंक | बोलपत्र दस्तुर | बोलपत्रको जमानत रु. |
|---|---|---|---|---|
| १ | बहाल विटौरी शुल्क (सोमबारे-विहिबारे, रामजानकी गुठी हाटवटी, साथै अन्य बाकी सबै वडाहरुमा लाग्ने हाटहरु) | ८००००००।०० | ३०००।०० | ४०००००।०० |
| २ | मवेशी | ४००००००।०० | ३०००।०० | २०००००।०० |
| ३ | स्थानिय पुर्वधार शुल्क | ५००००००।०० | ३०००।०० | २५००००।०० |
| ४ | विज्ञापन कर (३ वर्षको) | २१०००००।०० (३ वर्षको) | ३०००।०० | १०५०००।०० |
| ५ | सार्वजानिक शौचालय | ६७०००।०० | ५००।०० | ३३५०।०० |
| ५ | पार्किङ.शुल्क | १०००००० ।०० | १०००।०० | ५००००।०० |
| ६ | कृषि जन्य वस्तु, बनकस तथा जडीबुटी निकासी पैठारी | १५०००० ।०० | १०००।०० | ७५००।०० |
| ७ | चौपाया मवेशी निकासी कर | १५००००।०० | १०००।०० | ७५००।०० |
| ८ | कवाडी निकासी पैठारी | २०००००।०० | १०००।०० | १००००।०० |

**शर्तहरु :**

१) बोलपत्र साग सकार गरेको ठेक्का रकमको ५ (पाँच) प्रतिशतले हुन आउने रकम धरौटी बापत नगदै तथा राष्ट्रिय वाणिज्य बैक, इनरुवाको खाता नं २२२०३०३००३००१ जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ ।

२) बोलपत्र साथ बोलपत्रदाताको नेपाली नगरिकताको प्रतिलीपी र संघ संस्था वा कार्यालय भए कार्यालयको कागजात अनिवार्य संलग्न गर्नु पर्नेछ ।

३) प्रत्येक ठेक्काको लागी तोकिएको बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) तिरी इनरुवा नगरपालिकाको राजश्व शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४) म्याद नाघी आएको वा रित नपुगेको बोलपत्र फारम उपर कार्वाही हुने छैन ।

५) बोलपत्र स्विकृत गर्ने नगर्ने सर्वाधिकार इनरुवा नगरपालिकामा सुरक्षित रहनेछ ।

६) ठेक्का स्विकृत भएको बोलपत्रदाताले आफुले कबोल गरेको स्विकृत ठेक्का रकम ठेक्का सम्झौता अगावै बुझाउनु पर्नेछ । यसरी बुझाएको एकमुष्ट रकममा १० (दश) प्रतिशत रकम छुट दिईनेछ ।

७) बोलपत्र फारम प्रथम पटक सुचना प्रकाशन भएको मितिले ३० दिन सम्म कायाृल समय भित्र खरिद गर्न सकिनेछ ।

८) शिलबन्दी बोलपत्र सुचना प्रकाशन भएको मितिले ३१ औ दिनको १२.०० बजे भित्र दर्ता गर्न सकिनेछ । सो दिन विदा परेमा भोली पल्ट दिनको १२.०० बजे सम्ममा दर्ता गरिसक्नु पर्नेछ ।

९) दर्ता भएका शिलबन्दी बोलपत्रहरु ३१ औ दिनको दिनको २.०० बजे खोलिनेछ । सो दिन विदा परेमा भोली पल्ट दिनको २.०० बजे खोलिनेछ ।

१०) बन्द हडताल अन्य मानव सिर्जित कारणहरु बाट सृजना हुन् अवरोधका कारण कर छुट वा मिनाहा दिईने छैन ।

११) ठेक्काको दररेटहरु ठेक्का सुचना फारम खरिद गर्दा उपलब्ध गराईनेछ ।

१२) यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

१३) अन्य थप जानकारीको लागी कार्यल समय भित्र राजश्व शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ ।